# अध्याय छ

# ६ उपसंहार र निष्कर्ष

## ६.१ उपसंहार

'इन्द्रबहादुर राईका गद्याख्यानको लोक-सांस्कृतिक अध्ययन' विषयमाथि गरिएको प्रस्तुत शोध प्रबन्धमा इन्द्रबहादुर राईका **विपना कतिपय**, **कथास्था**, **कठपुतलीको मन** र **आज रमिता छ** गरी तीनवटा मौलिक कथा सङ्ग्रह र एउटा उपन्यासको लोक-सांस्कृतिक अध्ययन गरिएको छ। यस शोधकार्यलाई मोठ छवटा अध्यायमा विभाजन गरी अघि बढाइएको छ जसमा पहिलो अध्यायको शीर्षक 'शोधकार्यको परिचय' राखिएको छ। यस अध्यायलाई जम्मा नौवटा उपशीर्षकमा विभाजन गरी यसप्रकार सङ्गठन गरिएको छ- (१) शोध शीर्षक, (२) शोधको प्रयोजन, (३) शोध समस्याकथन, (४) शोधकार्यको आवश्यकता र औचित्य, (५) शोधकार्यको सीमा र क्षेत्र (६) शोधको सामग्री स्रोत, (७) शोध विधि, (८) सैद्धान्तिक ढाँचा र विश्लेषण विधि, (९) पूर्वकार्यको सर्वेक्षण, (१०) शोधकार्यको प्रारूप। यसमा शोधको परिचय, आवश्यकता र औचित्यको चर्चा गरिएको छ।

अध्याय दुईको शीर्षक 'लोक-सांस्कृतिक अध्ययनको ढाँचा र गद्याख्यान विश्लेषणका आधारहरू' राखिएको छ। यस अध्यायमा लोक-सांस्कृतिक अध्ययनका लागि ढाँचा तयार पारिएको छ, जसमा लोक र संस्कृतिको परिचय, लोकवार्ता, लोकप्रिय संस्कृति, शिष्ट संस्कृति, सांस्कृतिक अध्ययन, पर्यावरणमाझ लोक-संस्कृतिको सम्बन्ध, लोक-सांस्कृतिक अध्ययनको क्षेत्र र वर्गीकरणबारे संस्कृतिविद्हरूको धारणालाई उल्लेख गरी गद्याख्यान विश्लेषणका निम्ति अपनाइएका लोक-सांस्कृतिक आधारबारे चर्चा गरेर लोक-सांस्कृतिक अध्ययन लोकवार्ताभित्र पर्ने एउटा अङ्गका रूपमा स्वीकार गरी अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ।

अध्याय तीनको शीर्षक 'गद्याख्यानको स्वरूपगत परिचय र लोक-सांस्कृतिक दृष्टिले भारतीय नेपाली गद्याख्यान परम्परामा इन्द्रबहादुर राई' राखिएको छ। विभिन्न खण्डमा विभाजन गरेर यस अध्यायको अनुशीलन गरिएको छ। पहिलो खण्डमा गद्य र आख्यान शब्दको परिचय दिइ नेपाली कथा र उपन्यासका आख्यानात्क स्वरूपलाई चिनाउने काम गरिएको छ। दोस्रो खण्डमा साहित्यमा लोक-सांस्कृतिक

अध्ययनको पृष्ठभूमि र परम्परालाई प्रकाश पार्दै लोक-सांस्कृतिक दृष्टिले आजसम्म नेपाली गद्याख्यानको अनुशीलन के कति भएको छ त्यसको अवलोकन गरिएको छ। तेस्रो खण्डमा लोक-सांस्कृतिक दृष्टिले भारतीय नेपाली गद्याख्यान परम्पराको सर्वेक्षण गरिएको छ। अध्ययन सुविधाका निम्ति कथा र उपन्यासपरम्परालाई भिन्नाभिन्नै खण्डमा बाँडेर हेरिएको छ। भारत स्वतन्त्रता पूर्व र स्वातन्त्र्योत्तर भनी कालक्रमअनुसार विभाजन गरेर त्यसमा कुन कुन आख्यानात्मक कृति वा रचनामा नेपाली लोक-सांस्कृतिक सन्दर्भको अभिव्यक्ति भएको छ त्यसबारे अवलोकन गरिएको छ। यसै परम्पराअन्तर्गत इन्द्रबहादुर राईका आलोच्य कृतिको लोक-सांस्कृतिक सन्दर्भको पनि उल्लेख गरिएको छ। अन्तिम खण्डमा इन्द्रबहादुर राईका कृतित्व र साहित्यिक व्यक्तित्वको विकासक्रमको संक्षिप्त परिचय प्रस्तुत गरेर अन्त्यमा अध्यायगत निष्कर्ष दिइएको छ।

'इन्द्रबहादुर राईका कथाहरूको लोक-सांस्कृतिक अध्ययन' यस शोधकार्यको चौथो अध्याय हो। यसका पाँचवटा उपशीर्षकहरू छन्। ती हुन्- (१) इन्द्रबहादुर राईका कथाहरूको परिचय, (२) 'विपना कतिपय', 'कथास्था', 'कठपुतलीको मन' कथा सङ्ग्रहमा पाइने औपचारिक लोक-संस्कृतिको विश्लेषण, (३) 'विपना कतिपय', 'कथास्था', 'कठपुतलीको मन' कथा सङ्ग्रहमा पाइने भौतिक लोक-संस्कृतिको विश्लेषण, (४) 'विपना कतिपय', 'कथास्था', 'कठपुतलीको मन' कथा सङ्ग्रहमा पाइने प्रदर्शनात्मक लोक-संस्कृतिको विश्लेषण, (५) 'विपना कतिपय', 'कथास्था', 'कठपुतलीको मन' कथा सङ्ग्रहमा पाइने कार्यात्मक लोक-संस्कृतिको विश्लेषण। यस अध्यायमा उनका सङ्गृहीत कथाहरूमा केन्द्रित भई अध्ययन गरिएको छ। इन्द्रबहादुर राईको कथाहरूका विभिन्न चरण, प्रवृत्तिको परिचय दिँदै विधिपूर्वक गरिने विभिन्न अनुष्ठान एवम् लोकसंस्कार, विश्वासजन्य परम्परागत मान्यता, धर्मदर्शन, लोकसाहित्य, लोक शब्दावली, परम्परागत भाँडाकुँडा, घर-भवन, हातहतियार, घरेलु सरसमान, गरगहना, शृङ्गार प्रसाधन, खानपान तथा परिकार, जडीबुटी तथा उपचारपद्धति, यातायातका साधन, लोकवाद्य, जातीय लोकजीवन, पारिवारिक जीवन, लोकनीति तथा न्यायप्रणाली, लोकव्यवसाय, चाडपर्वहरू, लोकखेलहरू, लोकनाचहरू, लोकोत्सव वा मेला, कुटीर शिल्प तथा हस्त कला आदि वैशिष्ट्यहरूको परिचय गराइ जसलाई औपचारिक, भौतिक, प्रदर्शनात्मक, कार्यात्मक भनी चार भागमा बाँडेर लोक सांस्कृतिक दृष्टिले अनुशीलन गरिएको छ। यसको अन्त्यमा अध्यायगत निष्कर्ष दिइएको छ।

पाँचौं अध्यायको शीर्षक 'इन्द्रबहादुर राईका उपन्यासको लोक-सांस्कृतिक अध्ययन' राखिएको छ।

यस अध्यायका पाँचवटा उपशीर्षकहरू छन्। ती हुन्- (१) इन्द्रबहादुर राईका 'आज रमिता छ' उपन्यासको परिचय, (२) 'आज रमिता छ' उपन्यासमा पाइने औपचारिक लोक-संस्कृतिको विश्लेषण, (३) 'आज रमिता छ' उपन्यासमा पाइने भौतिक लोक-संस्कृतिको विश्लेषण, (४) 'आज रमिता छ' उपन्यासमा पाइने प्रदर्शनात्मक लोक-संस्कृतिको विश्लेषण, (५) 'आज रमिता छ' उपन्यासमा पाइने कार्यात्मक लोक-संस्कृतिको विश्लेषण। यसका साथै लोक-सांस्कृतिक बारेमा लेखिएका विचार र मूल्यहरूको समेत निर्क्योल गर्दै राईका 'आज रमिता छ' उपन्यासमा लोक-सांस्कृतिक वैशिष्ट्यहरूको औपचारिक, भौतिक, प्रदर्शनात्मक, कार्यात्मक विधाका दृष्टिले अनुशीलन गरेर अन्त्यमा अध्यायगत निष्कर्ष दिइएको छ।

छैटौं अध्यायको शीर्षक 'उपसंहार एवम् निष्कर्ष' राखिएको छ। यसमा शोध प्रबन्धका सबै अध्यायहरूको साररूप र समष्टि निष्कर्षलाई बुँदागत रूपमा राख्दै भावी अध्ययनका निम्ति केही सुझाउ दिइएको छ। त्यसपछि शोध प्रबन्धमा प्रयोग गरिएका सामग्रीहरूलाई सन्दर्भ सामग्री सूचीमा वर्णानुक्रमअनुसार राखिएको छ। यसैको परिशिष्टअन्तर्गत जर्नलमा प्रकाशित शोधमूलक पत्र, 'निष्काम' उपन्यासको आवरण पृष्ठ, इन्द्रबहादुर राईका तस्वीर राखेर शोधकार्यको सङ्गठन पूरा गरिएको छ।

## ६.२ निष्कर्ष

लोक-सांस्कृतिक दृष्टिले इन्द्रबहादुर राईका गद्याख्यानको अध्ययन-विश्लेषण गरेपछि पाइएका तथ्य र सङ्कलित सामग्रीहरूबाट प्राप्त जानकारी र यस शोधकार्यको प्राप्तिलाई निष्कर्षका रूपमा निम्नलिखित बुँदाहरूमा प्रस्तुत गरिएको छ-

- गद्याख्यान गद्य र आख्यान शब्द मिलेर बनेको देखिन्छ। वर्तमानमा कथा र उपन्यास विधालाई गद्याख्यान भनिन्छ। दुवैको मूलस्वर आख्यान कथनधर्मी हुने हुनाले र दुवैको गद्यात्मक अभिव्यक्ति शैली रहने हुनाले कथा र उपन्यासलाई गद्याख्यान भनिएको हो। कथा र उपन्यास आख्यानात्मक विधाहरू हुन्। तापनि पात्रको जीवनकाल, जीवनसादृश्य, विश्वसनीय यथार्थ घटना र मानसिक मनोदशाको प्रदर्शनले गर्दा कथा र उपन्यासमा समानताका लक्षणहरू भेटिन्छन् तर उपन्यासमा जीवनका समग्र प्रदर्शन रहेको हुन्छ भने कथामा जीवनको एक झल्को मात्र प्रदर्शित हुन्छ। यसैले उपकरणमा मात्रात्मक सीमा हुनाका कारण कथा र उपन्यास दुई भिन्न स्वतन्त्र आख्यानात्मक विधाहरू हुन्।

- लोक-संस्कृति 'लोक' र 'संस्कृति' दुईवटा शब्द मिलेर बनेको समस्त पदावलीले लोकद्वारा निर्मित संस्कृतिलाई बुझाउँछ। यसैले 'लोक' भन्नाले सामान्यतः कृषिजीवी, खटिखाने जो एउटा निर्दिष्ट भूगोलमा बसोवास गर्ने, एकैप्रकारका अर्थोपाजन पद्धति भएका साथै एकैप्रकारका रीतिरिबाज, विश्वास, रहनसहन, चाडपर्वको पालन गर्ने अनि यीमध्ये कुनै एउटा माध्यमले बाँधिएर सङ्गठित रहने मानव समुदायलाई भनिन्छ भने शुद्ध तथा परिष्कृत पारिएको पूर्ण सिर्जना वा मानवीय चेष्टालाई संस्कृति भनिन्छ। अथवा कुनै वस्तुको, कुनै व्यवहार र कुनै राष्ट्र, जाति, धर्म, सामाजिक जीवनप्रणाली, राजनीति, अर्थ व्यवस्था, कलाकौशल, बौद्धिक तथा प्राज्ञिक आचरणमा प्रकट हुने क्रियाकलापको परिष्कृत स्वरूप संस्कृति हो। यसो हुँदा लोकजीवन यापन गर्ने पद्धति लोक-संस्कृति हो। त्यसैले यो लोकको जीवनशैली, परम्परागत आस्था र विश्वास, जातीय संस्कार र मानवीय दैनन्दिनी व्यवहार हो।
- लोक-सांस्कृतिक अध्ययनले लोकद्वारा निर्मित संस्कृतिको अध्ययन गर्छ। यसैले संस्कृतिलाई विभिन्न आधारमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ, जसमा छुन र देख्न सकिने स्पृश्य संस्कृति (tangible culture) र देख्न र छुन नसकिने तर आस्वादन गर्ने सकिने अस्पृश्य संस्कृति (intangible culture) भनी विभाजन गरेर अध्ययन गर्न सकिन्छ। अतः लोक-संस्कृतिका स्पृश्य र अस्पृश्य वस्तुहरूलाई आस्था-अनुष्ठानमूलक, जीविकोपार्जनमूलक, मनोरञ्जनमूलक भनी विभाजन गरेर अध्ययन गर्नु अझ उपयुक्त देखिन्छ।
- 'फउक्लँ:र्' (Folklore) जॅन् डब्अल्यू थउमस्ले सन् १८४६ मा प्रचलनमा ल्याएको सामासिक शब्द हो। 'फउक्लँ:र्'-को समानार्थी शब्दबारे भारतीय साहित्यमा विभिन्न मतबात रहेको देखिन्छ। 'फउक्लँ:र्'-लाई लोकवार्ता, लोक-संस्कृति, लोकायन, लोकविद्या जस्ता विभिन्न शब्दहरूले रूपायित गर्ने प्रयन्त गरेका भेटिन्छन् जसमध्ये लोक-संस्कृति र लोकवार्ता नाम वा शब्दसम्बन्धी विद्वान्हरूमा पाइने मतभेदबारे अध्ययन गर्दा लोक-संस्कृति र लोकवार्ताले एउटै विषयगत क्षेत्रलाई जनाउने र प्रायः एउटै विषयलाई समेट्ने भए पनि प्रत्येक जाति, निश्चित भौगोलिक सीमाभित्रको समुदाय विशेषको जीवन सञ्चालनको पद्धति लोक-संस्कृति हो र त्यसैको प्रदर्शन लोकवार्ता हो भन्ने निष्कर्ष प्राप्त भएको छ।

- लोक-संस्कृतिका वैशिष्ट्यहरूले कतै न कतै साहित्य र साहित्यकारलाई अवश्य आकर्षित गरेको हुन्छ। त्यसैले हरेक कालखण्डका साहित्यकारले आफ्नो राष्ट्रिय एवम् जातीय लोक-सांस्कृतिक वैशिष्ट्यलाई आफ्नो कथ्यबिन्दुमा राखेकै हुन्छ। यस दृष्टिले नेपाली लोकजीवनका विभिन्न वैशिष्ट्यको निरूपण इन्द्रबहादुर राईका गद्याख्यानमा पाइने हुँदा भारतबाट लोकतत्त्वका विषयलाई अधिक विस्तारसँग नेपाली साहित्यमा अभिव्यक्ति दिने साहित्यकारमध्ये इन्द्रबहादुर राई पनि एकजना हुन्। अतः इन्द्रबहादुर राईका गद्याख्यानमा नेपाली लोकजीवनका विभिन्न लोक-सांस्कृतिक वैशिष्ट्यहरूको निरूपण भएको पाइन्छ। नेपाली जीवनपद्धति के कस्तो रहेको छ त्यसको झाँकी उनका कथा र उपन्यासमा अङ्कित भएको छ।

- इन्द्रबहादुर राईले कविता विधालाई छोडेर साहित्यका सबै विधामा कलम चलाएर प्रतिनिधित्व गरेका छन्। यसो भए पनि आख्यानमा उचाइ स्थापित गरेका राईका आलोच्य कथा सङ्ग्रह **विपना कतिपय** (सन् १९६१), **कथास्था** (सन् १९७२), **कठपुतलीको मन** (सन् १९८९) र **आज रमिता छ** (सन् १९६४) उपन्यासमा भिन्नाभिन्नै जीवनदृष्टि, संरचनात्मक शिल्प प्रविधि, चिन्तनका विविध आयाम पाइए पनि नेपाली लोक एवम् जातीय कला, संस्कृति रीतिथिति, वेशभूषा, रहनसहन, खानपान र अन्य वैभवलाई उपान्तबाट उठाएर भारतीय समाजको केन्द्रमा स्थापित गराउने प्रयत्न भएकाले उनको आख्यान विशिष्ट रहेको छ। यसैले नेपाली लोकजीवन र तिनको सांस्कृतिक वैशिष्ट्यलाई सचेत भएर आफ्ना चारैवटा आख्यान-कृतिमा कथ्यबिन्दु बनाउने सर्जक राई लोकजीवनको निकट आख्यानकारका रूपमा चिनिएको छ।

- आख्यानकार राईका गद्याख्यानको परिवेश व्यापक देखिए पनि दार्जिलिङको लोकपरिवेश मुख्य रहेको छ। दार्जिलिङको भूखण्डभित्र बसोवास गर्ने सम्पूर्ण नेपाली, अन्य जातजातिका लोकजीवनको सांस्कृतिक बिम्ब उनका कथा र उपन्यासले सक्दो उतार्न सकेको छ। विशेष गरी उनको उपन्यासमा ब्रिटिश् साम्राज्यवादले भारत र दार्जिलिङदेखि बिदा लिइसकेको तर देशी उपनिवेशवादले त्यो स्थान लिएको समयलाई प्रस्तुत गर्न सफल भएको हुनाले उनलाई आञ्चलिक आख्यानकार मान्न सकिन्छ। त्यसै गरी 'रातभरि हुरी चल्यो', 'घोषबाबु', 'अलन्तरमा', 'छुट्याइयो', 'मेरी दिदी', 'जगत र सावित्रीको कथा', 'चपरासी', 'भागी', 'भक्तलाल र म',

'बतासमा उड़ेको पत्कर जस्ती', 'ठूलीकान्छी', 'अँध्यारा दृष्टिहरूको कोरस', 'एउटा दिनको सामान्यता', 'खीर', 'एउटा विचारको यात्रापथ', 'ब्ल्याक आउट, काजू बदाम, छोरा', 'हामी जस्तै मैनाकी आमा', 'बाघ', 'जन्ती' आदि दार्जिलिङको आञ्चलिक लोकपरिवेश र लोकजीवनको छाप भएका कथाहरू हुन्।

- इन्द्रबहादुर राईका गद्याख्यानमा ग्राम्य र नागर लोकजीवनको चित्रण-वर्णन भएको पाइन्छ। खेतीपाती र पशुपालन गर्नु, कृषि उद्पादनबाट घर खर्च चलाउनु, चियाकमान र अन्यत्र गई श्रममूलक काम गर्नु, त्यही आयस्रोतबाट छोराछोरी पढाउनु, पाहुनापात टार्नु, परम्परागत धर्म र संस्कारहरूको पालन गर्दै सामाजिक मर्यादाहरूको संरक्षण गर्नु आदि राईका गद्याख्यानमा पाइने ग्रामीण लोकजीवनका विशेषताहरू हुन् भने विभिन्न पेसामा संलग्न रही बिदाको दिन मनोरञ्जन र आमोदप्रमोदमा सम्मेलित हुनु, आधुनिक फेसनबाट प्रभावित हुनु, महङ्गो जीवनस्तर र बद्लिँदा मूल्यहरूबाट आकर्षित हुनु, पेसागत क्षेत्रका बौद्धिक, सांस्कृतिक, राजनीतिक र सामाजिक विषयहरूमा सैद्धान्तिक र व्यावहारिक रूपमा सक्रिय रहनु उनका गद्याख्यानमा पाइने नागर जीवनका विशेषताहरू हुन्।
- उनका गद्याख्यानमा नेपाली लोकजीवनमा प्रचलित सामाजिक संस्कारहरूको चित्रण-वर्णन भएको छ। यीमध्ये लिम्बू विवाहसंस्कार विधिको चित्रण उनका कथा र उपन्यास दुवैमा भएको पाइएको छ भने एकाध कथामा खस जातिको विवाहसंस्कार वा मान्यताको विवरण पाइन्छ। उनका गद्याख्यानमा विभिन्न जातगोष्ठीका संस्कार-संस्कृतिका राम्रा-नराम्रा दुवै पक्षको अभिव्यक्ति भएको छ। लिम्बूबाहेक मगर संस्कृतिको उठान पनि उनका कथामा भएको छ। मगरहरूमा प्रचलित मामाचेली र फुपूचेलाबिच हुने कुटुम्ब सम्बन्धको अभिव्यक्ति 'जार : भएकै एउटा कथा' मा भएको छ। तर मितेरी सम्बन्ध नेपाली लोकजीवनको उच्च र पवित्र सम्बन्ध हो। यसैले मितेरी संस्कारबाट जोडिएको सम्बन्धमा परस्परमा बिहेबारी नचल्ने विधिविधान कथामा राम्रोसित उतारिएको छ। बिहारी लोकजीवनमा प्रचलित नामकरण संस्कार र दाइजोप्रथाको चित्रण हुनाले उनका कथाको लोकपरिवेश अझ फराकिलो देखिन्छ।
- हिन्दू, किरात, बौद्ध, इसाई, इस्लाम आदि विभिन्न धर्मलाई प्रतिनिधित्व गर्ने एकाधिक पात्रहरू

राईका गद्याख्यानमा पाइएको छ। सबै पात्रले आफ्नो धार्मिक मान्यता अनुसार विभिन्न अनुष्ठान, संस्कार, प्रथा आदि पालन गरेको देखिन्छ। यीमध्ये शास्त्र र राष्ट्रद्वारा निर्धारित विभिन्न चाडपर्व र सामाजिक उत्सवहरू सामूहिक रूपमा पालन गरेका पाइन्छन्। यसो हुँदा प्रत्येक जातगोष्ठीले आफ्नो चिन्हारी र सांस्कृतिक वैशिष्ट्यलाई अँगालेर बस्न र त्यसलाई संवर्धन गर्न सकेको दार्जिलिङको ऐतिहासिक तथ्योद्घाटन समेत उनका गद्याख्यानले गर्न सकेको देखिन्छ भने दार्जिलिङको लोकजीवनले धार्मिक समन्वयवादलाई अँगालेर बसेको कुरा प्रकाशमा ल्याइएको छ।

- एक अर्काको धर्म, संस्कृति र जातीयता माथिको विश्वास र समझदारीको उत्तम नमुना दार्जिलिङको नेपाली लोकजीवन शैलीको चित्रण राईका कथामा भएको छ। उनका आख्यानअनुसार दार्जिलिङको संस्कृति लौकिक छ साथै दार्जिलिङमा आफ्नो रीतिथिति र लोकाचारमा त्यस्तो सामाजिक नियन्त्रण नरहेको प्रस्ट बुझिएको छ। केही आफ्नै विशेषता र केही अन्यका प्रभावका कारणले गर्दा दार्जिलिङको लोकजीवन शैली केही भिन्न तहको छ भन्ने उनका आख्यानको पृष्ठभूमिबाट थाहा पाइएको छ।

- उनका गद्याख्यानमा एकविवाही, बहुविवाही र पितृवंशी पारिवारिक चित्रण पाइन्छ। निवासका दृष्टिले 'घोष बाबू' र 'आकारहरू, छाँयाहरू' सम्बद्ध पारिवारिक चित्रण भएका कथाहरू हुन् भने उनका उपन्यास र अन्य कथाहरूमा एकात्मक एवम् पुरुषमूलक पारिवारिक चित्रण पाइन्छ। लोग्नेस्वास्नी, बाबुछोरा, आमाछोरा, बाबुछोरी, जेठाजु बुहारी आदि पारिवारिक सम्बन्धको चित्रण भएको पाइन्छ। 'चपरासी', 'कठपुतलीको मन' र **आज रमिता छ** उपन्यासको एम के र बाबुनी, नामग्येल र यमुनाबिच लोग्नेस्वास्नी सम्बन्ध विभिन्न कारणले टुट्न पुगी अन्तमा बिछोड भएको छ। 'छुट्टयाइयो' कथामा गाउँ पञ्चले नै सिन्कोपाङ्ग्रो गरी लोग्नेस्वास्नीमा छोडपत्र गरिदिएको घटना उद्धृत भएको छ। 'जार : भएकै एउटा कथा' मा परिबन्दले गर्दा ठूली र हर्षजितको दाम्पत्य जीवन अन्त्य भएको छ। उक्त दुईवटा कथाका घटनाले लोकजीवनमा न्यायप्रणाली कठोर र अनुशासित रहेको बुझिएको छ।

- चियाबारीका लोकजीवनको चित्रण **आज रमिता छ** उपन्यासमा पाइने थप महत्त्वपूर्ण पक्ष हो।

चियाकमानका श्रमिकहरूको दैनिक अवस्था, प्रशासनिक हेपाइ र तिनीहरूको असुरक्षित भविष्यलाई यथातथ्य प्रकाश पार्ने यस उपन्यासमा लोकजीवनको सच्च्याइ, सङ्घबद्धता र पारस्परिकतालाई प्रकाश पारिएको छ। चियाबारीमा बसोवास गर्ने लोकजीवनको रहनसहन, मूल्य मान्यता, भाषा-बोली, कमेरो माटोले लिपपोत गरेको घरनिर्माण शैली आदि लोक-सांस्कृतिक पक्ष प्रस्तुत भएको पाइन्छ। यस अतिरिक्त उनका गद्यख्यानमा विभिन्न परम्परित शैलीका दुईतले घर, कठकुँडो, गाईगोठ, भान्साघर आदि वर्णन गरिएको पाइन्छ भने टीकाको दिन घरमा रेखी हान्नु, चँदुवा सिँगार्नु, गोबरले भुइँ पोत्नु, फूलले घर सजाउनु, घरको बार्दलीमा मजेरी राख्नु, घरसुहाउँदो झ्याल, ढोका बनाउनु, घरको छानो गुम्बजाकार बनाउनु, विभिन्न कागज र रङ्गका सहायताले चित्र बनाउनु, माटो र धातुद्वारा सालिक, मूर्ति बनाउनु आदि लोकजीवनको कलात्मक विशेषताको चित्रण भएको पाइन्छ।

- खानपान वा परिकार, वेशभूषा, गरगहना, परम्परागत भाँडाकुँडा, कृषिसम्बन्धी हातहतियार र घरेलु सामग्रीहरूका रूपमा अमलाको अचार, गोरुको मासु, फर्सीको मुन्टा, स्कुसको जरा, उसिनेको भटमास, चिउरा,  ढिँडो, सेलरोटी, सखरखण्ड, चिउरा, सातु, नौनी घिउ, चिमफिङको ढुटो अचार, फुलौरो, छुर्पी, टिम्मुरको अचार, फर्सीको मुन्टाको सब्जी, लसुने सागको सब्जी, खोलेफाँडो, कालो नुनियाको भात, बिगौती, फापर, तोङ्बा, भेडाको मासु, मजेत्रो, गुन्युचोलो, मुगाको हेमबारी, नेपाले दोलाई, मुगाको पछयौरा, चोली, कसुमे चौबन्दी, ढाकाको खास्टो, दौरासुरुवाल, मुगाको फेटा, पटुका, ढुङ्ग्री, लिम्बुनी लाछा, नौ-गाँठे रुपा, पोते-पुवाँलो, कल्ली, मुन्द्री, हारी, आम्खोरा, डबका, तसला, कलश, झर्के थाल, कटौरा, काँसे थाल, बानगिलास, चिम्टा, हँसिया, खुकुरी, टुकी, कुटे, फरुवा, ढिब्री, ओधान, ढिकी, पिपा, हलो, पानस, जाँतो, लोहोरो, सिलौटो, हाँडी, डोको, घुम, पेरुङ्गो, टपरी, खोची, नाम्लो, लठारो, दाम्लो, राडी आदि भौतिक सामग्री पात्रले उपयोग गरेको हुँदा उनका गद्याख्यान नेपाली लोकजीवनको निकट पुग्न सकेको छ। यी भौतिक सामग्रीहरूले नागर/आभिजात्य र ग्राम्य/लोक-संस्कृति बिचको अन्तर चिन्ने आधार दिएको छ।

- लोकभाषा प्रयोगका दृष्टिले नेपाली लोकजीवन सम्पन्न छ भन्ने इन्द्रबहादुर राईका गद्याख्यान पढ्दा थाहा पाइन्छ। लोकले आफ्नो कल्पना र अनुभूतिअनुसार भाषाको प्रयोग गर्न सक्ने त्यस्ता सम्भावना भएका र नेपाली जिब्रोमा भिजेका ठेट वा झर्रा शब्दहरू, साइनोसूचक, गोप्य,

गालीसूचक, हास्य, थेगो आदि लोकभाषा प्रयोग गरिएको पाइएको हुँदा उनका गद्याख्यान सहज र नेपाली लोक फ़्लेवर्को बनेको छ। स्थाननामका प्रयोगले कुनै भौगोलिक स्थलको ठेगाना र त्यसको निश्चित स्थानको बोध गराउन सहयोग गरेको छ भने प्रकृति, भूतत्त्व, सामाजिक लोकजीवन, रहनसहन, पशुप्राणी, वनस्पति, घरेलु कामकाजसँग कही न कही सम्बन्धित हुनाले ती स्थाननाम लोक-इतिहासको स्रोत रहन गएको छ।

- लोकव्यवसायका दृष्टिले राईका गद्याख्यानमा दार्जिलिङलाई प्रतिनिधि गर्ने पात्रहरू पोस्ट अफिसको पिउन, स्कूल्को शिक्षक, सिपाही, कमानको क्लाक् र सहायक प्रबन्धक पदसम्म पुग्न सकेका छन् भने धैरैजसो ज्यामी, खेतीपाती, पशुपालन, लघुव्यापारमा निर्भर रहेका छन्। दार्जिलिङको लोजीवनको आर्थिक विकास खालि व्यापारबाट मात्र हुन सक्ने दृष्टिकोण उनका उपन्यासमा राखिएको छ। यसैले दार्जिलिङका राम्रा र ठुल्ठुला व्यापारहरू जति सबै अन्य जातिका हातमा पर्नाले यहाँको आर्थिक स्थिति कमजोर भएको ठानी व्यापारिक संस्कृतिमा जोड दिइनुपर्ने सुझाउ राखिएको छ।

- आधुनिक कालखण्डकै सेरोफेरोमा रचिएका राईका गद्याख्यानको लोकजीवनले विभिन्न धार्मिक लोकविश्वासलाई पालन गरेको भने पाइन्छ। तापनि 'एउटा विचारको यात्रापथ' आदि कथाबाट लोकविश्वास संस्कारदोष हो भन्ने मानिसको समयसँगै बद्लिँदै गएको आधुनिक विचारधारा व्यक्त गर्ने धृष्टता भएको छ। यद्यपि लोकविश्वास के नागर के ग्रामीण, के साक्षर के निरक्षर, के नेपाली के अन्य सबै लोकजीवनमा नै व्याप्त छ भन्ने राईका आख्यानबाट बुझिएको छ। यसो भए पनि लोकविश्वासको प्रभावले पात्रको सामाजिक र धार्मिक जीवनलाई बिथोलेको छैन।

- राईका कथाहरू र उपन्यास दुवैमा किरात लोकदर्शनको अभिव्यक्ति भएको पाइन्छ। किरातहरू प्रकृतिपूजक समुदाय रहेको चित्रण उनका कथाहरूमा न्वागी पूजा, देउराली पूजा, टिस्टा र रङ्गीतमा पैसा चढाएको, हिमाललाई हात जोडेको आदि प्रसङ्गमा पाइन्छ। यति मात्र नभएर नेपालीहरू नै प्रकृतिप्रेरक र प्रकृतिपूजक रहेको र अधिकतर प्रकृतिमै निर्भर छन् भन्ने दृष्टिकोण प्रस्तुत भएको छ। यसो हुनाले लोक-संस्कृति र पर्यावरणमाझ घनिष्ठ सम्बन्ध रहेको र पर्यावरण संरक्षण र संवर्धनका निम्ति लोक-संस्कृतिको विशेष भूमिका रहेको कुरा उनका गद्याख्यानमा

परिलक्षित छ। यसैले आख्यानका पात्र प्रकृतिको नजिक हुनाले धार्मिक लोकआस्थाले ओतप्रोत बनेको देखिन्छ। त्यसले गर्दा दानपुण्य, धर्मकर्म, मठमन्दिर देवीदेवताप्रति पात्र समर्पित रहेको छ।

- लोकऔषधि एवम् घरेलु उपचार विधिको प्रयोग र झाँक्रीकर्मको प्रसङ्गलाई इन्द्रबहादुर राईका गद्याख्यानमा पाइने लोकजीवनको विशेषताका रूपमा मान्न सकिन्छ। दार्जिलिङको जलवायु वनस्पति एवम् लोकऔषधि उद्‌भिद्‌का लागि उर्वर रहेको र यहाँ विभिन्न जङ्गली जडीबुटीको उद्‌भिद हुने सम्भावित क्षेत्र रहेको कुरो 'हामी जस्तै मैनाकी आमा' कथामा उल्लेख पाइन्छ। जसलाई यहाँका लोकजीवनले जीविकोपार्जनको माध्यम बनाउन सक्छन् भन्ने उपन्यास मार्फत विचार अघि आएको छ। साथै वनस्पतिसम्बन्धी परम्परित ज्ञानको कारण दार्जिलिङ जैविक विविधता कायम रहेको देखिएको छ। तर वर्तमानमा ग्रामीण लोकजीवनमा बोट बिरुवा चिन्ने, त्यसबाट विधि प्रयोग गरेर जडीबुटीको उपचार गर्ने विज्ञ मानिसहरूको कमी हुँदै गइरहेका हुनाले यस्ता ज्ञानको खोजी गर्ने समय खट्‌किएको अनुभूति कथा र उपन्यास दुवैले गरेको छ।

- इन्द्रबहादुर राईका गद्याख्यानमा मिथक, दन्त्यकथा आदि स्रोतबाट कथानक रूढि एवम् अभिप्रायको प्रयोग गरी कथानकलाई एउटा नयाँ मोड वा गति दिन र रोमाञ्चक बनाउन प्रयोग गरिएको छ। यसरी उनका गद्याख्यानमा चरित्रसम्बन्धी धोकासम्बन्धी, धर्मसम्बन्धी, दण्डसम्बन्धी, क्रूरतासम्बन्धी, राक्षससम्बन्धी, यौनसम्बन्धी अभिप्रायहरू पाइन्छन्, जस्तै- 'जार : भएकै एउटा कथा'-मा काङवाचेनमा भोटेहरूसँग लडाइँ गरी वीरगति प्राप्त गरेकी दर्पालु मगर रानीको प्रसङ्गको अभिप्रायले कथा अझ रोचक र मगर लोकजीवनका निम्ति प्रेरक बनेको छ।

- नेपाली लोकजीवन धार्मिक प्रवृत्तिका साथै मनोरञ्जनप्रेमी रहेको राईका कथाको पात्रहरूबाट बुझिएको छ। नाचगान गर्नु, सिकार खेल्नु, मेलापातमा जमघट भई रमाइलो गर्नु इत्यादि राईका कथाका पात्रहरूको विशेषता नै हो। यीमध्ये राईका गद्याख्यानमा नेपाली र तिब्बती लोकजीवनमा प्रचलित लोकनाचको विशेष चित्रण भएको छ। निश्चित पर्व वा अनुष्ठान एवम् सामान्य अवस्थामा समेत नाच्न सकिने नेपाली लोकजीवनमा प्रचलित मारुनी एउटा हो भने तिब्बती लोकजीवनमा प्रचलित ल्होसार पर्वको अवसरमा प्रदर्शन गरिने सिङ्गी लोकनाच हो।

- उनका आख्यानमा पर्वगीत भैलो र देउसी, असारे गीत जुहारी, लिम्बूहरूमा प्रचलित हाक्पारे आदि

गीतसङ्गीतको उल्लेख पाइन्छ। यीमध्ये राईका आख्यानमा मेलाको महत्त्व अझ बढी छ भन्न सकिन्छ किनभने मेलाको उद्देश्य अनेक हुनसक्छन् तर मानिसको चारित्रिक विकासमा यसले महत्त्वपूर्ण योगदान पुऱ्याएको हुन्छ। भिन्न धर्म, भाषा बोली र वेशभूषा भएका विभिन्न सम्प्रदायका मानिसलाई एकअर्काका बिचमा यसले समन्वयको भावना जगाएको हुन्छ। यसकारण राईका आख्यानको लोकजीवनमा धार्मिक समन्वयको भावना प्रगाढ रहेको बोध गर्न सकिन्छ।

- नेपाली लोकजीवनमा धामीझाँक्री, बुङ्थिङ, देवीदेवता, चाडबाड, फापअफाप आदि मान्ने चलन छ। त्यस्ता धार्मिक-सांस्कृतिक अनुष्ठानहरूमा विभिन्न हाउभाउ देखाउने, नाच्ने आदि अभिनयहरू गर्ने गर्दछन्। भाइटीकामा दिदीले भाइको वरिपरि तीनपल्ट कलश, फूल, धुप आदि बोकेर फन्को मार्नु, जन्ती घरको माथिबाट आउनु अशुभ हुनाले फेरि घरमुनिबाट घुमेर आउनु, शिर निहुऱ्याएर दण्डवत् गर्नु, चामे र गौंथलीले देवीथानमा जम्लाहातले नमस्कार गर्नु, रङ्गीतको पुलबाट के के फलाकेर डोले पैसा चढाउनु, देउरालीलाई ढुङ्गा चढाउनु, बुङ्थिङले फलाक्दै रगतमा बेहुलाबेहुलीको जोखना हेर्नु, सिङ्गीनाचमा पशुपन्छी र जीवजन्तुको हाउभाउ देखाउनु आदि अभिनयमूलक प्रसङ्गलाई पात्रहरूले विभिन्न बाह्य चेष्टाद्वारा व्यक्त गरेको पाइन्छ। यसअनुसार नेपाली लोकजीवनमा अभिनयमूलक सांस्कृतिक परम्परा कायम रहेको बुझिन्छ।

## ६.३ भावी शोधकर्ताका निम्ति सुझाउ

इन्द्रबहादुर राईका गद्याख्यानमा नेपाली लोक-संस्कृतिका विविध वैशिष्ट्यहरू परिलक्षित भएका छन्। यसैले 'इन्द्रबहादुर राईका गद्याख्यानको लोक-सांस्कृतिक अध्ययन' विषयका अतिरिक्त सांस्कृतिक दृष्टिले अझ सूक्ष्मसँग उनका गद्याख्यानको अध्ययन गर्न सकिने सम्भावना देखिन्छ। यसअनुसार भावी शोधकर्ताका निम्ति सम्भावित शोध शीर्षक सुझाउका रूपमा प्रस्तावित गरिन्छ-

- इन्द्रबहादुर राईका गद्याख्यानको लोकतात्त्विक अध्ययन।
- इन्द्रबहादुर राईका कथाहरूमा संस्कृति र पर्यावरणको सम्बन्ध।
- लोक भाषाका आधारमा इन्द्रबहादुर राईका गद्याख्यानको अध्ययन।
- इन्द्रबहादुर राईका आख्यानमा नेपाली लोकजीवनको अध्ययन।